# प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७८

प्रदेश र स्थानीय तहका कार्यालय तथा अन्य निकायहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धीका लागि कार्यक्रम सञ्चालन गर्न एक प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न बाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः** यस आदेशको नाम " प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यसञ्चालन) आदेश२०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ५ बमोजिमको प्रशिक्षण परिषद् सम्झनु पर्छ ।

(ग) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिमको प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(घ) "निकाय" भन्नाले प्रदेश कानून बमोजिम स्थापना भएको प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेतलाई सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रशिक्षण प्रतिष्ठानको स्थापना र उद्देश्य

**(३) प्रशिक्षण प्रतिष्ठानको स्थापनाः**(१) प्रदेश र स्थानीय तहका कार्यालय तथा अन्य निकायमा कार्यरत पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धीका लागि कार्यक्रम सञ्चालन गर्न एक प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

**(४)प्रतिष्ठानको उद्देश्यः** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको पदीय जिम्मेवारी तथा व्यवसायिक दक्षता अभिवृद्धीका लागि आवश्यक पर्ने विषयमा प्रशिक्षणको व्यवस्था गर्ने,

(ख) प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सेवा प्रवेश र सेवाकालीन तालिमको सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) प्रदेश सरकार र स्थानीय तहको प्रशासनिक एवं व्यवसायिक क्षमतालाई थप सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(घ) प्रशिक्षणलाई थप प्रभावकारी तुल्याउन प्रशिक्षण सामग्री तयार गर्ने लगायत अन्य आवश्यक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,

**(ङ)** प्रदेश सरकार र स्थानीय तहको व्यवस्थापकीय क्षमता विकास लगायतका विषयमा अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

## परिच्छेद-३

## प्रशिक्षण परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**(५) प्रशिक्षण परिषदको गठनः**(१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमका पदाधिकारी र सदस्य रहेको एक परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) स्थानीय तहका प्रमुख, उप-प्रमुख,अध्यक्ष वा उपाध्यक्ष मध्येबाट मुख्यमन्त्रीले मनोनित गरेका दुई जना महिला सहित चार जना -सदस्य

(च) मुख्यमन्त्रीले मनोनित गरेका एकजना महिला सहितदुईजना विषय-विज्ञ - सदस्य

(छ) प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिमका विज्ञ सदस्यले मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेको र कानून, जनप्रशासन, व्यवस्थापन, इन्जिनियरिङ्ग, लेखा, राजस्व, विज्ञान तथा प्रविधि, कला, साहित्य वा समाजशास्त्रको क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको हुनुपर्नेछ।

(३) परिषद्का मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४)परिषद्का विज्ञ सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरुले पाउने सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**(६) परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तिमा दुईपटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्का सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ।

(४) बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ

(५) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(६) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७)परिषद्को बैठकमा सहभागीहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

**(७) परिषद्को काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानकोतालिम तथा अन्य कार्य सञ्चालन सम्बन्धी कार्यविधि र निर्देशिका बनाउने,

(ग) प्रतिष्ठानको दीर्घकालिन योजना स्वीकृत गर्ने।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रम स्वीकृत गर्ने तथा सो को प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने,

(ङ) प्रतिष्ठानको पाठ्यक्रम स्वीकृत गर्ने,

(च) कार्यकारी समिति र कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने।

## परिच्छेद-४

## प्रतिष्ठानको जनशक्ति व्यवस्था

**(८)कार्यकारी निर्देशकको नियुक्ति र सेवाको शर्तः**(१)प्रदेश सरकारले प्रतिष्ठानमा एककार्यकारीनिर्देशक नियुक्ति गर्नेछ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(३) कार्यकारी निर्देशकले नियुक्ति भएको तीस दिन भित्र प्रदेशका प्रमुख सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधीमा सम्पन्न गर्नुपर्ने कार्यहरुको विवरण समेत उल्लेख हुनेछ।

(४)प्रतिष्ठानको काम, कारबाही तथा कार्य प्रगतिकासम्बन्धमा कार्यकारी निर्देशकप्रदेश सरकारप्रति जवाफदेही हुनेछ।

(५)प्रदेश सरकारले आवश्यकता अनुसार कार्यकारी निर्देशकलाई सहयोग गर्न प्रतिष्ठानमा अधिकृत नवौं तह सरहको एक उपनिर्देशक नियुक्ती गर्न सक्नेछ ।

(६)कार्यकारी निर्देशक र उपनिर्देशकको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(७)कार्यकारी निर्देशक वा उपनिर्देशकको काम सन्तोषजनक नभएमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(८) कार्यकारी निर्देशकको मासिक पारिश्रमिक र अन्य सेवा सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

(९) कार्यकारी निर्देशक र उपनिर्देशकले प्रदेश सरकारका निजामति कर्मचारी सरह विदा पाउनेछन्।

(१०) कार्यकारी निर्देशकको विदा र भ्रमण आदेश प्रमुख सचिवले स्विकृत गर्नेछ।

**(९) कार्यकारी निर्देशक र उपनिर्देशकको योग्यता तथा पद रिक्त हुने अवस्थाः**-(१) देहायको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई प्रतिष्ठानको कार्यकारी निर्देशक वा उपनिर्देशकमा नियुक्ति गर्न सकिनेछः-

(क) पैंतिस वर्ष उमेर पुरा भई ६५ बर्ष उमेर पुरा ननाघेको।

(ख) कम्तिमा दश वर्ष कानून, जनप्रशासन, विकास प्रशासन, व्यवस्थापन, इन्जिनियरिङ, लेखा, राजस्व, विज्ञान तथा प्रविधि, कला तथा साहित्य वा समाजशास्त्रको क्षेत्रमा निरन्तर अनुसन्धान वा काम गरेको, तर उपनिर्देशकको हकमा कम्तीमा पाँच वर्ष काम गरेको अनुभव भएको,

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमाकम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामानरहेको।

(२) देहायको अवस्थामा कार्यकारी निर्देशक र उपनिर्देशकको पद स्वतः रिक्त हुनेछ :

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१) बमोजिमको योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा।

**(१०) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः-** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषदको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) प्रतिष्ठानको स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने।

(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा परिषद्समक्ष प्रस्तुत गर्ने,

(ङ) प्रतिष्ठानको कार्यकारी निर्देशकको रुपमा दैनिक कार्यसञ्चालन गर्ने,

(च) प्रतिष्ठानको लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(छ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्यांकन गर्ने, गराउने,

(ज) प्रतिष्ठानले संचालन गर्ने प्रशिक्षणको पाठ्यक्रम, कार्यक्रम, वार्षिक कार्यतालिका, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी प्रशिक्षण परिषद् समक्ष स्वीकृतिका लागि पेश गर्ने,

(झ) प्रशिक्षणको पद्धति, पाठ्यक्रम, सामग्री तथा कार्यक्रम निर्धारण गर्न आवश्यकता अनुसार सर्वेक्षण गर्ने ।

(ञ) प्रतिष्ठानमा प्रशिक्षण सम्बन्धी कार्य गर्ने,

(ट) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुको कामको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने,

(ठ) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार निर्देशिकामा तोकिए बमोजिम हुनेछ।

**(११) प्रतिष्ठानका कर्मचारी सम्बन्धी व्यवस्थाः-** (१) प्रतिष्ठानमा आवश्यकतानुसार देहाय बमोजिमका कर्मचारी रहनेछन्।

(क) प्राध्यापन तथा अनुसन्धान

(ख) प्रशासकीय तथा प्राविधिक

(२) उपदफा (१) को खण्ड (क) बमोजिमका कर्मचारीहरु प्रतिष्ठानले सेवा करारमा भर्ना गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका कर्मचारीहरु प्रदेश सरकारले खटाउनेछ।

(४) उपदफा (१) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीको पद र सङ्ख्या प्रदेश सरकारले स्वीकृत गरेबमोजिम हुनेछ ।

(५) प्रतिष्ठानका कर्मचारीहरुको सेवा, सुविधा समान तहको प्रदेश सरकारको कर्मचारी सरह हुनेछ,

(६) प्रतिष्ठानका उप निर्देशक र अन्य कर्मचारीहरुको विदा र भ्रमण आदेश कार्यकारी निर्देशकले स्वीकृत गर्नेछ ।

(७) प्रतिष्ठानका कार्यकारी निर्देशकको विदा र भ्रमण आदेश प्रमुख सचिवले स्वीकृत गर्नेछ।

## परिच्छेद-५
## प्रतिष्ठानको कोष र लेखा

**(१२) प्रतिष्ठानको कोषः**- (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन्।

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीयतहबाट प्राप्त हुने अनुदान रकम।

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाहरु वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम।

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम।

(घ) परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

(२)उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) प्रतिष्ठानको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनैवाणिज्य बैंकमा प्रतिष्ठानको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) प्रतिष्ठानको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता कार्यकारी निर्देशक वा निजलेतोकेको प्रतिष्ठानको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(७) प्रतिष्ठानको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**(१३) लेखा र लेखापरीक्षणः**-(१) प्रतिष्ठानको आय व्ययको लेखा महालेखा परिक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले प्रदेश सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्रतिष्ठानको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(४) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) प्रदेश सरकारले प्रतिष्ठानको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-६
## विविध

**(१४) पाठ्यक्रमः-**(१) प्रतिष्ठानले प्रशिक्षण कार्यक्रमका लागि आवश्यक र सान्दर्भिक प्रशिक्षण पाठ्यक्रम तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको पाठ्यक्रम परिषदबाट स्वीकृत गराउनु पर्नेछ।

(३) प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी पद्धती अवलम्बन गर्नुपर्नेछ।

(४)प्रतिष्ठानको प्रशिक्षणकोलागि उपयोगी हुने उपयुक्त प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ।

**(१५) अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कनः**-(१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्यांकनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न कार्यकारी समिति मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ।

**(१६) अधिकार प्रत्यायोजनः**- (१) परिषद्लेआफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूमा अन्तर्निहित कुनै अधिकार प्रतिष्ठानका उपनिर्देशक तथा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**(१७) वार्षिक प्रतिवेदन पेश गर्नेः**- (१) प्रतिष्ठानले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानको वार्षिक नीति, योजना र प्रतिष्ठानबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्यर कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धी तथा लागत र प्रतिष्ठानबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिईप्रतिष्ठानले सार्वजनिक गर्नेछ।

**(१८) प्रदेश सरकारसँग सम्पर्कः**-(१) प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

(२)प्रतिष्ठानले अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

**(१९) सपथ ग्रहणः-** प्रतिष्ठानको कार्यकारी निर्देशकले आफ्नो कार्यभार सम्हाल्नु अघि मुख्यमन्त्री वा निजले तोकेको प्रदेश सरकारको मन्त्री समक्ष अनुसुची २ मा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ।

**(२०) कार्यविधि/निर्देशिका बनाउने अधिकारः-** यो आदेश कार्यान्वयन गर्न परिषद्ले आवश्यक कार्यविधि/निर्देशिका बनाउन सक्नेछ र त्यस्तो कार्यविधि/निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

**(२१) खारेजी र बचाउः**(१) प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ खारेज गरिएको छ।

(२) प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली २०७७ खारेज गरिएको छ ।

(३) उपदफा (१) वमोजिमको आदेश र विनियमावली वमोजिम गठीत प्रदेश प्रशिक्षण प्रतिष्ठानको सम्पत्ति र दायित्व यस आदेश वमोजिम स्थापना भएको प्रतिष्ठानमा सर्नेछ ।

## अनुसूची १

## (दफा ८ संग सम्बन्धित)

## कार्यकारी निर्देशकको सेवा सुविधा सम्बन्धी

| क्र सं | सेवा, सुविधाको प्रकार | इकाइ | सेवा, सुविधा |
|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक | रु ५०,६००। |
| २ | आवास सुविधा | मासिक | रु १५,०००। |
| ३ | सरकारी घरको व्यवस्था नभएमा शुरुमा फर्निचर व्यवस्थाको लागि | एकमुष्ट | रु ५०,०००। |
| ४ | संचार सुविधा (मोबाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका, टेलिभिजन) | मासिक | रु ५,०००। |
| ५ | पानी, बिजुली | मासिक | रु २,०००। |
| ६ | लुगा भत्ता | बार्षिक | रु १०,०००। |
| ७ | इन्धन | मासिक लिटर | ८० |
| ८ | मोविल | त्रैमासिक लिटर | ५ |
| ९ | भ्रमण भत्ता (स्वदेश) | दैनिक | २,०००। |
| १० | भ्रमण भत्ता (विदेश) | दैनिक | $१७५ |

## अनुसूची २
## (दफा १९ संग सम्बन्धित)

### <u>पद तथा गोपनियताको शपथको ढाँचा</u>

म................................................ नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि कार्यकारी निर्देशक पदको जिम्मेवारी बहन गर्दा प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

सही : .....................................

नाम, थर : ..............................

पद :.................................

दसतखत : .............................